नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालयको

## वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७७) का लागि निवेदन दिने बारेको सूचना

**प्रकाशित मिति : २०७७।०४।२३**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा असक्त वा गम्भीर बिरामी भएका कामदारका बालबालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ को अनुसूची (१) बमोजिमको ढाँचामा २०७७ साल असोज मसान्तभित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसूची १ बमोजिमको ढाँचामा।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट **शत प्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा छोरी हुनु पर्नेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ बर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन्।
- **मिति २०७७ श्रावण मसान्तसम्म** उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई मात्र शैक्षिक सत्र २०७७ को छात्रवृत्ति उपलब्ध गराइनेछ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (हाल सम्म छात्रवृत्ति प्राप्त नगरेकाहरुका लागि)**

- कामदारको श्रम स्वीकृतिको निस्सा (स्टिकर) को प्रतिलिपि।
- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
- वैदेशिक रोजगारमा गई सोही क्रममा मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- बोर्डबाट आर्थिक सहायता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहदानीको प्रतिलिपि र राहदानी नं.।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- निवेदक, संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपि।
- सम्बन्धित स्थानीय तहको सिफारिस।

**छात्रवृत्ति प्राप्त गरिरहेका बालबालिकाका लागि**

- विद्यार्थीको निवेदन।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र।
- कामदारको राहदानीको प्रतिलिपि।

**छात्रवृत्तिको सीमा**

- बार्षिक रुपमा आधारभुत तहका लागि रु. ८,०००। (आठ हजार) र माध्यमिक तहका लागि रु. १२,०००। (बाह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र बार्षिक रुपमा एकमुष्ट वैदेशिक रोजगार छात्रवृत्ति उपलब्ध गराईनेछ।

**विद्यालयको जिम्मेवारी**

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने।
- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचबुझ गर्नु पर्नेछ।
- जाँचबुझबाट उपयुक्त ठहर गरेका निवेदनहरु सो कार्यविधिको अनुसूची (२) को ढाँचामा सिफारिस सहित २०७७ कार्तिक १५ गते भित्र शिक्षा विकास तथा समन्वय इकाईमा पठाउनु पर्नेछ।
- सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई मार्फत प्राप्त छात्रवृत्तिको रकम सम्बन्धित सबै विद्यार्थीलाई उपलब्ध गराई सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाईलाई दिनु पर्नेछ।

**शिक्षा विकास तथा समन्वय इकाईको जिम्मेवारी**

- जिल्ला भित्रका सबै विद्यालयहरुलाई सो विद्यालयमा अध्ययनरत वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ बमोजिम छात्रवृत्ति पाउने विवरण संकलन गरी इकाईमा पेश गर्न जानकारी गराउने।
- सम्बन्धित विद्यालयबाट सिफारिस सहित प्राप्त हुन आएका निवेदनहरुलाई जाँच गरी कार्यविधिको अनुसूची (३) मा उल्लेखित विवरण खुल्ने गरी २०७७ मंसिर १५ गते भित्र वैदेशिक रोजगार बोर्डमा पठाउनु पर्ने छ।
- बोर्ड सचिवालयबाट शिक्षा तथा मानव श्रोत विकास केन्द्र मार्फत वा सोझै पठाएको छात्रवृत्ति रकम सम्बन्धित विद्यालय मार्फत छात्रवृत्ति प्राप्त गर्न छनौट भएका विद्यार्थीलाई उपलब्ध गराई सो को भरपाई बोर्ड सचिवालयमा पठाउने व्यवस्था गर्नु पर्ने छ।

**(थप जानकारी श्रम कल सेन्टरको टोल फ्रि नं ११४१, वैदेशिक रोजगार बोर्डको फोन नं ०१-४२२०३११, ४३३ वेबसाईट www.fepb.gov.np बाट प्राप्त गर्न सकिने छ।)**